## विदुर नगरपालिकाका नगर प्रमुख श्री सन्जु पण्डितद्धारा तेश्रो नगर सभामा आ.व. २०७५/७६ का लागि पेश गरिएको
## वार्षिक नीति तथा कार्यक्रम

विदुर नगरपालिकाको **तेश्रो** नगरसभामा पाल्नुहुने उपप्रमुखज्यू, कार्यपालिका सदस्यज्यूहरु एवम् नगर सभाका सदस्यज्यूहरु, स्थानीय तहको निर्वाचन पश्चात विदुर नगरपाकिाको **तेश्रो** नगरसभाको यो ऐतिहसिक एवं महत्वपुर्ण क्षणमा हार्दिक सम्मान भाव व्यक्त गर्दछु । यस नगर सभाको महत्वपूर्ण क्षणमा देश र जनताका लागि जीवन वलिदान गर्नुहुने तमाम ज्ञात अज्ञात विर सहिदहरु प्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दछु ।

**आदरणीय उपस्थित सदस्यज्यूहरु,**

स्थानीय तहको निर्वाचन पश्चात नगर क्षेत्रको विकास निर्माण र सुशासन प्रबर्द्धनका र नगरवासीको समृद्धिका लागि कार्य गर्न दत्तचित्त रही विगतमा हामीबाट ब्यक्त भएका प्रतिबद्धताहरुको निरन्तर कार्यान्वयमा लागिरहने बिश्वास यहांहरुलाई पुन:स्मरण गराउन चाहन्छु ।

स्थानीय शासन सञ्चालन ऐन २०७४ को मर्म अनुसार समुदाय तहका माग र आवश्यकताहरुलाई यथाशक्य संम्बोधन हुने गरी समुदाय तथा वडाका जनप्रतिनिधीहरुका माझ योजना तर्जूमाका विभिन्न चरणहरुको अवलम्बन गरी आगामी आर्थिक बर्षका लागि एकिकृत बार्षिक नीति तथा कार्यक्रमहरुलाई तयार गरी यस गौरवमय सभामा पेश गर्न पाउदा मलाई खुशी लागेको छ ।

चालु आर्थिक बर्षमा यस नगरपालिकाको कार्यलाई ब्यवस्थित तथा कानुनी रुपमा सम्पन्न गर्नका लागि स्थानीय तहमा आकर्षित हुने ऐन, नियम, निर्देशिका कार्यविधि, मापदण्डहरु तयार गर्नमा अधिकांश समय खर्चनु परेको, संघ र प्रदेशको निर्वाचन आचार संहिताले पारेका कानुनी अड्चन, कार्यालयमा पर्याप्त कर्मचारीहरुको अभाव जस्ता विविध जटिलताले गर्दा अपेक्षाकृत लक्ष्य हासिल गर्न नसकेको यथार्थ हाम्रो सामु छर्ल□ छ । हाम्रो पत्र र निर्देशनको अधिनमा रही आगामी वर्ष नगरपालिका भित्र सञ्चालन गरिने योजना तर्जूमा वजेटको विनियोजन र त्यस सम्वन्धी सम्पूर्ण सहभागितामूलक योजना तर्जुमा प्रकृयाहरु चरणगत रुपमा सम्पन्न गरिएको छ । क्रमश वडा भेला, वडा सिफारिस, विषयगत योजना तर्जूमा समितिलाई समेट्दै सम्पूर्ण सदस्यहरुको वृहत र अर्थपूर्ण सहभागिता मार्फत प्राप्त सुझाव लगायतका आधारमा निर्णय भएको कार्यक्रमको दस्तावेज, समष्टिगत नीति, योजना, कार्यक्रम तथा वजेट विनियोजन सहित आजको यो गरिमामय नगरसभामा उपस्थित भएको व्यहोरा निवेदन गर्न चाहन्छु ।

नगर विकासमा नगरवासीको असिमित ईच्छा र आकांक्षा लाई पुरा गर्न अहोरात्र खटी समय अनुसार यहाहरुको सुझाव र सल्लाहलाई शिरोपर गरी कार्यपालिकाको मनोभावना समेतलाई कदर गर्दै नगरको विकास र समृद्धिको लागि समष्ठिगत नीति तथा कार्यक्रमहरु तर्जुमा गरिएको छ । नगरको विकासका सपनाहरुलाई मुर्त रुप दिनका लागि विकास निर्माणका कार्यहरुलाई प्राथमिकिकरण गर्दै क्रमिक रुपमा कार्यान्वयन गर्दै जाने नीति लिइएको ब्यहोरा म यो सम्मनीत सभा समक्ष जानकारी गराउदछु । गत आ.व.मा तय गरिएका विभिन्न परिकल्पना तथा लक्ष्यहरुलाई आगामी आ.व.मा समेत सम्भाब्यता, आवश्यकता तथा औचित्यताको आधारमा निरन्तर अगाडि बढाउने प्रतिज्ञा गर्दै कृषकहरुलाई प्रत्यक्ष फाईदा पुग्ने खालका, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक लक्षित कार्यक्रमहरु, युवा तथा खेलकुद लक्षित कार्यक्रमहरु लगायत आर्थिक सामाजिक विकासका विभिन्न नीति तथा कार्यनीतिहरुलाई प्रस्ताव गरेको छु ।

### १. सुशासन र पारदर्शिता र सेवा प्रवाह सम्बन्धी:

क) नागरिक वडापत्र अनुसार कार्यसम्पादनलाई सुदृढ गर्दै बिद्युतीय नागरिक वडापत्रको प्रयोगमा ल्याई हाम्रा सेवाहरुलाई हातहातमा हेर्न सक्ने बनाईनेछ ।

ख) नेपालको संविधान २०७२ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा यस नगरको सभाबाट पारित विभिन्न ऐन, कानुन, नियमावली, कार्यविधी, नीति, निर्देशिकाहरुको अधिनमा रही सेवा प्रवाहलाई अझ प्रभावकारी र विकास निर्माणको कार्यलाई बैधानिक एवं ब्यवस्थित गरी सञ्चालन गरिनेछ ।

ग) जनताको समस्या, गुनासो तथा पिरमर्कालाई प्रत्यक्ष सामाधानका लागि जनतासाग जनप्रतिनिधी कार्यक्रम सुरु गरि स्थानीय टि.भि. एफ.एम. मार्फत प्रशारण गरिनेछ ।

घ) नगरपालिकाको आय व्यय विवरण र प्रगतिहरु चौमासिक, अर्धवार्षिक तथा बार्षिक रुपमा समिक्षा गरी नगरपालिकाको सुचनापाटी, स्थानीय पत्रपत्रिका र वेभसाईटमा प्रकाशित गर्ने र सोको सुझावहरुलाई पृष्ठपोषणका रुपमा ग्रहण गर्दै आगामी कार्यदिशाको रुपमा लिईनेछ ।

ङ) पारदर्शी र जनउत्तरदायी सरकारको भूमिकामा रही जनगुनासोको प्रभावकारी व्यवस्थापनका लागि जनसम्पर्क शाखाको व्यवस्थापन गर्दै सामाजिक लेखा परिक्षण, सार्वजनिक लेखा परिक्षण, सार्वजनिक सुनुवाई गराउने पद्दतीको प्रभावकारी अवलम्वनमा जोड दिईने छ । "गुनासो तथा सुझाव" पेटिका, सार्वजनिक वहस, सार्वजनिक सुनुवाईको औजारहरुको प्रयोग गरिनेछ ।

च) नगरवासीको सूचनाको अधिकारको सम्मान गर्दै पारदर्शिताको नीति प्रभावकारी ढंगले लागु गर्न स्थानीय संचार माध्यम संग साझेदारीमा कार्यक्रमहरु संचालन गरिनेछ ।

छ) असल शासनको अवधारणाको अभ्यासमा जोड दिँदै सुशासन प्रबर्द्धनका कार्यक्रमहरुलाई प्रभावकारी कार्यान्वयनमा लगिनेछ ।

ज) कार्यालयमा कार्यरत जनशक्तिलाइ निरन्तर क्षमता विकास गराई बृत्ति विकासका अवसरहरुलाई महत्व दिँदै कार्यसम्पादन मूल्यांकनको आधारमा दण्ड र पुरस्कारको व्यवस्था गर्ने नीतिलाई अंगिकार गरिनेछ । कार्यालयमा कार्यरत कर्मचारीहरुको कार्यबोझ बढी रहेकोले कर्मचारीहरुलाइ थप सुविधा प्रदान गरी कार्य सम्पादनमा प्रोत्साहित गरिनेछ ।

**२. राजस्व तथा कर प्रशासन सम्बन्धीः**

क) नगर क्षेत्रवाट उठाईने विभिन्न कर, दस्तुरलाई बिद्युतीय प्रणालीको कार्यान्वयन गरी गत विगत बर्षहरुदेखिकै बांकी बक्यौतालाई असूल उपर गर्न विभिन्न संघ संस्था, नीजि क्षेत्रसंग सहकार्य र साझेदारीको नीति अवलम्बन गरिनेछ ।

ख) एकिकृत सम्पत्तिकर प्रणालीलाई मुल कर प्रणालीको रुपमा विकसित गरिने छ । नगरपालिकाको कर प्रणाली र खर्च प्रणाली तथा अन्यलाई क्रमशः कम्प्यूटर सफ्टवेर प्रणालीमा लगिने छ ।

ग) नगरपालिकामा दर्ता तथा नविकरण गराएर मात्र व्यवसाय संचालन गर्ने नीतिलाई कडाईका साथ अवलम्बन गराउदै बैंक तथा वित्तीय संस्थाहरुलाई समेत करको दायरामा ल्याईनेछ । करको आम्दानीलाई सोही क्षेत्रमा आवश्यकता हेरी प्रयोग गर्दै उद्योगहरुको स्थापनालाई प्रोत्साहन गरी स्थानीय रोजगारी प्रबर्द्धनमा जोड दिइनेछ

घ) नगर क्षेत्र भित्र नियमित रुपले वढी कर तिर्ने कर दातालाई पुरस्कृत गर्ने नीति लिईनेछ ।

ङ) नगरपालिकाको प्रत्येक वडामा बैकिङ सेवा संचालन गर्न बैाक हरुलाई प्रोत्साहन गरिनेछ ।

च) ढुंगा, गिट्टी, वालुवा, ग्राभेल, माटो, दहत्तर, बहत्तर, जराजुरी, काठ, दाउरा लगायतका स्थानीय तहको क्षेत्राधिकार भित्र रहेका खानीजन्य तथा नदीजन्य उत्पादन, उत्खनन्, बिक्री एवं निकाशीका लागि बिक्री शुल्क र कर प्रणाली लागु गरी नगरपालिकाको विकास निर्माणका लागि श्रोत जुटाइनेछ ।

**३) घर नक्सा/नापी सम्वन्धिः**

क) नगरपालिका क्षेत्र भित्र नक्सा पास नगराई वा निर्माण स्वीकृती नलिइ, तोकिएका मापदण्ड बेगरका घर टहरा वा अन्य निर्माण कार्य गर्ने, संरचना परिवर्तन गर्ने, सडक बाटो अधिग्रहण गर्ने, सांध सिमाना मिच्ने, न.पा.ले दिएको आदेश निर्देशनको तीन पटक सम्म उल्लंघन गर्ने व्यक्ती, संघ संस्थालाई कालो सुचिमा राखी न.पा.को सेवा रोक्का गरिने नीतिलाई अझ प्रभावकारी कार्यान्वयनमा लगिनेछ । भवन निर्माण आचारसंहिताको कडाईका साथ लागु गरिनेछ ।

ख) जग्गा प्लटिङ्ग गरी विक्री वितरण गर्न नगरपालिकाले कार्यविधी तयार गरी सो अनुसार तोकेको मापदण्ड र प्रकृया पुरा गर्नु पर्ने व्यवस्थालाई कडाईका साथ लागु गरिनेछ ।

ग) निर्माण सम्पन्न प्रमाण-पत्र दिंदा प्राविधिक प्रतिवेदन संगै सहरको सौन्दर्य बढाउन घरधनीले २ वटा रुखविरुवा रोप्नु पर्ने नीतिको अवलम्बन गरिने छ । साथै घरनिर्माणको क्रममा शौचालयको लागि आवश्यक सेी^S ट्यांकीको निर्माणलाई अनिवार्य गरी फोहोरमैला व्यवस्थापनमा बिशेष ध्यान दिइनेछ ।

घ) सार्वजनिक भवन निर्माण गर्न इजाजत दिंदा बालमैत्री एंवम अपाङ्गमैत्री हुने गरी संरचना निर्माण गर्न इजाजत दिने नीति अवलम्बन गरिनेछ ।

ङ) रातो कार्ड प्राप्त गर्ने भुकम्प पिडित नागरिकहरुको नक्शापासमा दिइदै आएको ५० प्रतिशत छुटको व्यवस्थालाई निरन्तरता दिदै पिडितहरुलाई छिटो र सरल ढंगले गुणस्तरीय घर निर्माणका लागि सहयोग गरिनेछ ।

**४) पूर्वाधार विकास सम्वन्धी**

क) यु.एन् ह्याबिट्याटको सहयोगमा तयार भएको छिमेकी देश चीनको हुआन सहर परियोजनाको परिकल्पना अनुरुप सन् २०१८ देखि २०३५ सम्ममा आधुनिक सुविधासम्पन्न सहरको रुपमा विकसित गरिनेछ । यस गुरुयोजना अनुसारको सन् २०२३ सम्म पहिलो योजना तर्जुमा चरण, सन् २०३० सम्म दोश्रो निर्माण चरण र बांकी अवधिका लागि तेश्रो सम्पन्नताको चरणमा विभाजन गरी लक्ष्य हासिल गरिनेछ ।

ख) साना पूल, कल्भर्ट, सडक ग्राभेल, सडक ढलान, कालोपत्रे, सडकको दुवै छेउमा पेटी निर्माण, नाली निर्माण, सडकबत्ती, विद्युत पोलको उचित व्यवस्थापन, खोला खोल्छा र ढल निकासका लागि ह्यूमपाईपको व्यवस्था, विद्यालय भवन निर्माण, सामुदायिक भवन, खेलकुद भवन तथा मैदान व्यवस्था, सार्वजनिक शौचालय निर्माण एवं मर्मत सम्भार जस्ता योजनाहरु जनसहभागिता जुटाई निर्माण कार्यलाई अगाडी बढाउनेछ ।

ग) नगरपालिका क्षेत्र भित्रका सडकहरु विस्तार गर्नुपर्दा तोकिएको मापण्ड अनुसार भैरहेको बाटोको केन्द्रबाट दायाा, वााया बरावर विस्तार गरीनेछ ।

घ) सहरी खानेपानी समस्या निराकरणका लागि साना शहरी खानेपानी योजना सञ्चालनको संभाव्यता अध्ययनमा आवश्यक पहल गरिने छ । साथै सम्भाब्य स्थानमा डिप बोरिङ गरी खानेपानी तथा साना सिंचाइलाई प्रबर्द्धन गरिनेछ ।

ङ) सडक, नाला तथा ढल ब्यवस्थापनको लागि दातृ संस्थाले तयार गरीरहेको बिस्तृत परियोजना प्रतिवेदनको आधारमा गुरु योजनाको कार्यान्वियनमा अगाडि लगिनेछ ।

च) नगरपालिका भित्रका विभिन्न सुख्खाटार हरुमा सिंचाई गर्न साना सिंचाई कार्यक्रम सञ्चालन गर्न पहल गरिनेछ ।

छ) नेपाल भारत चीन त्रिदेशिय व्यापारलाई दृष्टिगत गरी सरकारले सञ्चालन गर्न लागेको सुख्खा वन्दरगाह नगर क्षेत्र भित्र सञ्चालन गर्न आबश्यक पहल गर्दै उक्त कार्यको लागि जग्गा उपलव्ध गराउन सहयोग गरिनेछ । साथै चीनियां तेल भण्डारण प्रस्तावलाई नगरक्षेत्रभित्र जग्गा उपलब्ध गराई ब्यापार प्रबर्द्धनमा जोड दिइनेछ ।

ज) नुवाकोटको ऐतिहासिक, पुरातात्विक र धार्मिक नुवाकोट क्षेत्र, देवीघाट र उत्तरगया बेत्रावतीमा रहेका ऐतिहासिक, धार्मिक स्थानहरुलाई धरोहरको रुपमा संरक्षण गर्दै बेत्रावतीमा ऐतिहासिक नेपाल चीन सन्धी स्मारक स्तम्भ निर्माण गरी धार्मिक र ऐतिहासिक पर्यटनलाइ प्रोत्साहित गर्न नीजि क्षेत्र संग साझेदारी गर्ने नीति लिइनेछ ।

झ) नगरपालिका भवनका लागि जिल्लाको अन्य सरकारी भवनहरुको प्रयोग गरि सेवालाई प्रभावकारी गरिनेछ भने वडा कार्यालय भवनलाई बहुआयामिक रुपमा निर्माण गरिने कार्य यसैबर्ष देखि शुभारम्भ गरिनेछ ।

ञ) नगरलाई हाईड्रो हबको रुपमा विकसित त्रिशुली करीडर बाट घरघरमा बिजुली जन जनमा शेयर निति लाई लागु गरि जनताको आर्थिक उन्नतिमा जोड दिईनेछ ।

ट) विदुर नगरको सम्भावित क्षेत्रमा विशेष आर्थिक क्षेत्र घोषणा गरिनेछ ।

ठ) वडा नं. ४ मा बहुउद्धेष्यीय भ्यूटावर सहित घण्टाघरको निर्माणको लागि डि.पी.आर. तयार गरी कार्य अघि बढाइन्छ । साथै वडा नं.२ मा रहेको भ्यूटावरलाई सञ्चालनमा ल्याईनेछ ।

ड) नगरभित्र व्यवस्थित बिद्युतिकरणको लागि सडकको किनारामा स्टिल  वा सिमेन्टको पोल गाड्ने काम सम्पन्न गरी सबै स्थानमा ३ फेजको लाईन विस्तारमा गरिनेछ । साथै नगरक्षेत्रमा छुट्टै बिद्युत प्रसारण लाईनको ब्यवस्था गर्न नेपाल बिद्युत प्राधिकरणसंग सहकाय गरिनेछ ।

ढ) विभिन्न दातृ निकायहरुसंग समन्वय गरी न्यून ब्याजदरमा प्राप्त हुने ऋणलाई तोकिएको सीमा भित्र प्राप्त गरी आयमूलक तथा विकासमुलक पूर्वाधारमा लगानी गर्ने नीति लिईनेछ ।

**५. योजना/आयोजना सञ्चालन सम्वन्धी**

क) छिटो प्रतिफल दिने, वातावरण संरक्षण गर्ने, गरिवि निवारणमा टेवा पुऱ्याउने र बढि जनसहभागिता  जुट्ने आयोजनालाई प्राथमिकता दिईने नीतिलाई निरन्तरता दिनेछ ।

ख) आयोजना सञ्चालनमा उपभोक्ता समितिलाई प्राथमिकता दिईने कार्यलाई निरन्तरता दिईनेछ । साथै टोल विकास संस्था, स्थानीय गैह्र सरकारी संस्था, सामाजिक संघ संस्थाहरुलाई प्राथमिकता क्रममा राखिनेछ ।

ग) वि.न.पा.भित्रका सम्पूर्ण सडकहरुलाई घरबाटो सिफारिस लिई बाटोको कित्ता काट गर्दा कम्तिमा २० फिट चौडा हुने गरी बाटो कायम गर्ने नीति अवलम्बन गरिनेछ ।

घ) उपभोक्ता समितिद्धारा योजनाहरुको कार्यान्वयनको लागि नगदै लागत सहभागितालाई हटाउने र हाल कायम रहेको सडक RCC ढलान र सडक पीचमा २० प्रतिशत र अन्य कार्यमा ३० प्रतिशतमा हुनपर्ने ब्यवस्थालाई निरन्तरता दिईनेछ ।

ङ) विकास निर्माणका निकायहरु बीच समन्वय बढाई कुनै पूर्वाधार तथा विकास निर्माणका कृयाकलापहरु सञ्चालन गर्दा अर्को संरचनामा क्षती पुग्ने भएको सोको परिपूरण वा क्षतीपूर्तीका लागि कार्यान्वियन गर्ने निकायले नै ब्यहोर्ने नीतिलाइ कडाइका साथ लागु गरिनेछ ।

## ६. आर्थिक विकास सम्बन्धी

क) नगरलाई मासु, तरकारी, दुध र खाद्यान्नमा आत्मानिर्भर बनाउनका लागि कृषी उत्पादन को प्रबर्द्धन र बजारीकरणको लागी कृषी आधुनिकीकरण यान्त्रिकरण एंवम युवा सहभागिता गरी कृषी उपज संकलन केन्द्र व्यवस्था सहित हाट बजार संचालन गरी स्थानीय उत्पादनलाई प्रत्सोहान गरीनेछ ।

ख) आधुनिक हाईड्रोपोनिक कृषि प्रणालीलाई नमूनाको रुपमा विकास गर्नका लागि नगरपालिका क्षेत्रभित्र बढीमा ३ जना कृषलाई प्रोत्साहन स्वरुप रु ४ लाखसम्मको अनुदान दिईनेछ ।

ग) लामो समयसम्म बाझो रहेको जग्गा जमिनलाई चक्लाबन्दी गरी ब्यावसायिक खेती प्रणालीलाई प्रोत्साहन गर्न १० रोपनी जमिनमा तरकारी खेती गर्ने ६ जना र कम्तिमा २ रोपनी ब्यवसायिक फुल खेती गर्ने ५ जना किसानहरुलाई प्रति रोपनी रु १०,०००।- अनुदान दिने ब्यवस्था गरिने नीतिलाई अवलम्बन गरिनेछ ।

घ) कृषी बजार व्यवस्थापनलाई प्रभावकारी बनाउन १ वडा १ कृषि उपज संकलन केन्द्रको स्थापना गर्न सहकारीहरुलाई परिचालित गराइनेछ । त्यस्ता सहकारीहरुलाई लागतको ५० प्रतिशत अनुदान दिने नीति लिइनेछ । उक्त केन्द्रहरुलाई बीज भण्डारका लागि थप प्रोत्साहनका लागि सहयोग गरिनेछ ।

ङ) एक वडा एक उत्पादन नीति अन्तर्गत कृषि पकेट क्षेत्र घोषणा गरी उत्पादनको लागि लाग्ने जनशक्ति बाहेकका अन्य लागत अनुदान स्वरुप प्रदान गरी ब्यवसायिक कृषिलाई प्रोत्साहन गर्ने नीति लिईनेछ ।

च) कृषि कार्यमा मानव श्रमको अभाव तथा लगानी धेरै भइरहेको अवस्थामा कृषि यान्त्रिकरण मार्फत यस समस्यालाई न्यूनिकरण गर्न सकिने हुंदा पावर टिलर, मिनीटिलर, मकै छोडाउने मेशिन जस्ता उपकरणहरु कृषि सहकारी तथा समूहहरुलाई वितरण गर्ने नीतिलाई अवलम्बन गरिनेछ ।

छ) कृषि उत्पादन बृद्धिका लागि ७५ प्रतिशत अनुदानमा उन्नत बीउबिजन वितरण गर्ने र सिंचाई सुविधा थप विस्तार तथा मर्मत गर्न सिंचाई कार्यक्रम र प्लाष्टिक पोखरी निर्माणको कार्यक्रम पनि लागु गरिनेछ ।

ज) खाद्यान्न वालीको उन्नत बीउ उत्पादनका लागि बीज बृद्धि कार्यक्रम लगायत मौरी पालनको थप विस्तारका लागि ५० प्रतिशत अनुदानमा मौरीघार वितरण कार्यनीतिलाई अंगिकार गर्ने नीति लिईनेछ । साथै ब्यवसायिक मौरी पालनलाई प्रबर्द्धन गर्न २० वटा भन्दा बढी घार राखी मौरी पालन गर्ने कृषकलाई एकमुष्ठ थप रु ५० हजार रकम प्रोत्साहन स्वरुप प्रदान गरिनेछ भने मौरीको चरन विकास तथा आहारलाई प्रोत्साहन गर्न निशुल्क चिउरीको बिरुवा वितरण गरिनेछ । र चिउरीको विरुवा १ बर्ष पछि हुर्केको अवस्थामा संरक्षणको लागि प्रति रुख रु २००।- प्रदान गरिनेछ ।

झ) दैनिक ५ लिटरभन्दा बढी दुध उत्पादन गरी सहकारी मार्फत वा संकलन केन्द्र बिक्री गर्ने किसानहरुलाई प्रोत्साहन स्वरुप प्रति लि. रु २ यस नगरपालिकाले अनुदान उपलब्ध गराउनेछ ।

ञ) हाल दुई वटा भन्दा बढी टनेलमा बमौसमी तरकारी खेती गरिरहेको कृषकलाई प्रोत्साहन स्वरुप निर्धारित साईजमा फलामे टनेल निर्माण गर्न लाग्ने लागत मध्ये प्रति टनेल रु २०,०००।-अनुदान उपलब्ध गराईनेछ ।

ट) कम्तिमा ५ रोपनी सुख्खा जमिनमा ब्यवसायीक तरकारी खेतीका लागि कृषकलाई आवश्यक सिंचाईको लागतको ५० प्रतिशत अनुदान दिइनेछ ।

ठ) यस नगरपालिकाले दुग्ध व्यवसायलाई अझ वृद्धि गर्न कृत्रिम गर्भाधान सेवा मार्फत उत्पादनमा वृद्धि गर्न हाल मौजुदा कृतिम गर्भाधान प्राविधिकका लागि ५ जना नयाा जनशक्ति तयार गरि नश्ल सुधारमा उल्लेख्य वृद्धि गर्ने योजना पेश गरेको छु ।

ड) उन्नत नश्लको क्रस पशु वस्तु उत्पादन वृद्धि भएसागै सोही अनुसार पशु पोषण आहार कार्यक्रम संचालन गर्न हिउादे, वर्खे, बहुवर्षिय, घाासखेतको विस्तार गर्ने योजना अघि बढाउने नीति अख्तियार गरेको छु ।

ढ). भ्यागुते, चरचरे, खोरेत, पिपिआर, रेविज, डिस्टेम्पर जस्ता रोगहरुबाट बचाउन पशु स्वास्थ्य संरक्षण तथा रोग निषेधात्मक कार्यक्रम मार्फत औषधि खरिद गरि निःशुल्क सेवा दिने व्यवस्था गरेको छु ।

ण) पशुजन्य पदार्थको बजारीकरणको लागि दुध, मासुजन्य उद्योग जस्तै : चिस्यान केन्द्र, पशु वधस्थल, मिटमार्ट स्थापना, सहकारी निजी फर्म आदि मार्फत ५० प्रतिशत लागत अनुदानको व्यवस्था मिलाएको छु। उन्नत जातको बोयर बोका १० गोटाको खरिद गरि निःशुल्क बाखा फर्महरुलाई वितरणको व्यवस्था मिलाएको छु ।

त) ब्यवसायिक कृषकलाई निशुल्क प्राविधिक सेवा र १००० भन्दा बढी कुखुरा पालक कृषकलाई निःशुल्क प्राविधिक सेवा उपलब्ध गराइनेछ ।

थ) ब्यवसायिक माछा पाल्ने कृषकलाई पूर्वाधार निर्माण पश्चात आवश्यक संख्यामा माछाको भुरा अनुदानमा दिने ब्यवस्था गरिनेछ ।

द) बिदेशबाट फर्कि आएका नगरका युवाको बैदेशिक सीप प्रयोग गरी नगरपालिका क्षेत्रभित्र स्वरोजगार श्रृजना गर्ने कृषि र पशु व्यवसायलाई प्रोत्साहन गर्ने नीति अनुरुप कम्तिमा ५ लाख सम्म लगानी गरी सीप अनुसारको व्यवसाय गर्ने ५० जनासम्म युवा उद्यमीलाई लाई रु १ लाख ५० हजार अनुदान दिईनेछ ।

ध) साना तथा घरेलु उद्योगलाई प्रवर्द्धन गर्न साझेदार निकायहरुसंगको सहकार्यमा लघुउद्यम विकास कार्यक्रमलाई प्रोत्साहन गरिनेछ ।

न) औद्योकिकरण र पूर्वाधार निर्माण, सामुहिक तथा उत्पादक सहकारीका माध्यमबाट व्यापक रोजगारी र स्वरोजगारीका अवसरहरु सिर्जना गरिने छ ।

**७. शिक्षा, स्वास्थ्य, सरसफाई तथा वातावरण सम्बन्धीः**

क) फोहोरमैला व्यवस्थापनको लागि तत्कालिन र दीर्घकालिन रणनीति अवलम्वन गरिने छ । तत्कालिन रणनीति अनुसार श्रोतमै फोहोर वर्गिकरण गरी छुट्याउने सम्बन्धमा जनचेतना अभिवृद्धि कार्यक्रम, कुहिने प्रकृतिका फोहरबाट कम्पोष्ट मल बनाउन कम्पोष्ट चेम्बरको निर्माण जस्ता कार्यक्रममा जोड दिईने छ भने दीर्घकालिन रणनीति अनुसार, व्यवस्थित ल्याण्डफिल साईटको निर्माण र व्यवस्थापनमा जोड दिईने छ ।

ख) नगरको वातावरण स्वच्छ, सफा, सुन्दर र हरियाली नगरको रुपमा कायम राख्न सार्वजनिक स्थल र सडकको पेटीमा बृक्षारोपण र संरक्षण गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

ग) नगरको सौन्दर्य विगार्ने र वातावरणलाई प्रतिकुल असर पार्ने सडक र वस्ती नजिकका उद्योग व्यवसायहरुलाई निश्चित समय तोकी उचित स्थानमा स्थानान्तरण गराउने नीतिलाई कडाइका साथ पालना गरिनेछ । नगरेको हकमा उद्योगलाई बन्द गरिनेछ ।

घ) गाउघर क्लिनिकलाई आधुनिक र सुविधा सम्पन बनाई सेवा विस्तार गरी जनस्तरमा स्वास्थ्य सुविधाको पहुंचलाई सहज गराउने कार्य प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ । र सोथै औषधी खरिद गरी सुलभ दरमा बिक्री वितरण गर्ने कार्यका लागि घुम्ती कोषको रुपमा रु १ लाख पचास हजार बिऊ पूंजी स्वरुप प्रदान गरिनेछ ।

ङ) बजारको फोहोर मैला व्यवस्थापन लगायत अन्य सम्भाव्य क्षेत्रहरु क्रमशः पहिचान गरी सार्वजनिक निजी साझेदारी ( PPP) अवधारणा अनुसार निजी क्षेत्रलाई आकर्षित गर्ने नयाा नीति अवलम्वन गरि बैज्ञानिक कार्यपद्धति अवलम्बन गरिनेछ ।

च) लागु पदार्थ दुर्व्यसनी एवं एच.आई.भी.एड्स, चेलीवेटी बेचबिखनविरुद्ध जनचेतना अभिबृद्धी कार्यक्रम संचालनमा सरोकारवाला सरकारी तथा गैऱ्ह सरकारी संस्थासंग समन्वय गरी कार्यक्रम सन्चालनमा निरन्तरता दिईनेछ ।

छ) सडकको दायां वायां अशोकाको विरुवा लगाउने र वन जंगलहरुमा सम्बन्धीत सरोकारवालाहरु संग समन्वय गरी अग्नीरेखाको अवधारणा ल्याउने नीति लिईनेछ ।

ज) स्वस्थ्य मासु उत्पादन र खपत गर्न पशुवधशालाको अवधारणा अनुसार आधुनिक बधशाला स्थापना क्षेत्रको खोजी र निर्माणको लागि दातृ संस्थाको खोजिमा पहल गरिने छ । र आधुनिक बधशाला निर्माण गर्नेलाई रु १ लाख अनुदानको व्यवस्था गरिएको छ ।

झ) नगरक्षेत्र भित्र कुनै पनि ठूला उद्योग स्थापना गर्न सिफारिस दिनु पूर्व प्रारम्भिक वातावरण परिक्षण (**IEE**)/ वातावरणीय प्रभाव मूल्याङ्कन **(EIA)** गरेको प्रमाण पेश गरेमा मात्र सिफारिस दिने नीति अवलम्बन गरिने छ ।

ञ) नगरभित्रका सामुदायिक बिद्यालयमा कार्यरत शिक्षक, शिक्षिकाहरुलाई बिषयगत जिम्मेवारी र जवाफदेहिता प्रति उत्तरदायी बनाई कार्यसम्पादन मूल्यांकनको आधारमा पुरस्कार र दण्डको व्यवस्था गरिनेछ ।

ट) प्राविधिक शिक्षालय, बिद्यार्थी संख्या, अध्यापन भईरहेको कक्षाको संख्या र शिक्षक दरबन्दीको समेतको मूल्यांकनको आधारमा आवश्यकता अनुसार अनुदान दिने व्यवस्था मिलाईनेछ ।

ठ) नगरका सामुदायिक बिद्यालयमा अध्ययनरत गरिब, विपन्न तथा असहाय, जेहेन्दार छात्रबृद्धिका लागि रु ४ लाख राशीको मेयर छात्रबृत्ति कोष स्थापना गरिनेछ ।

ड) नगरमा उत्पादित जैविक फोहोबाट विद्युत र प्रांगारिक मल उत्पादन गर्न र अजैविक फोहोरलाई पुनःप्रयोग गर्न निजि क्षेत्र साग सहकार्य गरी आवश्यक व्यवस्था गरिने छ ।

ढ) राष्ट्रिय फलफुल बर्षको परिकल्पनालाई साकार पार्दै नगरवासीको स्वास्थ्यमा सुधार ल्याउनका लागि एक घर एक फलफुलको अवधारणालाई अवलम्बन गर्दै प्रतिघर १ वटा फलफुलको विरुवा निशुल्क उपलब्ध गराइनेछ ।

ण) विपन्न नागरिक स्वास्थ्य उपचार सहयोगका लागि मुटु रोगको शल्यक्रिया, क्यान्सरको शल्यक्रिया, मृगौला प्रत्यारोपण र पक्षघातको उपचारको लागि तोकिएको कार्यविधीको आधारमा प्रतिब्यक्ति १ पटकको लागि रु २५,०००।- आर्थिक सहयोग गरिनेछ ।

त) पूर्ण सरसफाइका लागि घनावस्ती र बजारका क्षेत्रमा यात्रुहरुको आवागमन बढी हुने ५ वटा वडाहरुमा सार्वजनिक नीति साझेदारीमा सार्वजनिक शौचालयको निर्माण तथा व्यवस्थापन गरिनेछ ।

**८. मानव संसाधन विकास सम्बन्धीः**

क) ईलम प्रशिक्षण केन्द्रलाई व्यवसायिक शिक्षालयको तथा सीप विकास श्रोत केन्द्रको रुपमा विकास गर्न नगरपालिकाको व्यवस्थापनमा लगी थप कृयाकलापहरुलाई सञ्चालन गरिनेछ ।

ख) घरेलु तथा साना उद्योग, इलम प्रशिक्षण केन्द्र, गैऱ्ह सरकारी संस्था जस्ता संस्थाहरुसंग समन्वय साथ सिप विकास केन्द्र स्थापना गरी रोजगारी मुलक तालिम कार्यक्रम संचालनमा जोड दिईने छ ।

ग) सरोकारवालाहरुको समन्वयमा महिला, दलित, पिछडिएका जनजातीहरुको सीप र क्षमता अभिबृद्धि गरी स्वरोजगार दिने खालका तालिमहरु संचालनमा जोड दिइने छ ।

**९. साझेदारी, समन्वय र स्थानीय विकास सम्बन्धीः**

क) नेपाल बिद्युत प्राधिकरण त्रिशुली र देविघाट जलबिद्युत केन्द्रसंग उपयोग बिहिन भएर रहेका जग्गा अनावश्यक अतिक्रमणबाट जोगाउन तत् निकायसंग ५० बर्ष सम्झौता गरी नगरपालिकाले भाडामा लिई कृषि, खेलकुद, पार्क तथा हाटबजार प्रयोनको लागि प्रयोगमा ल्याउने नीति अवलम्वन गरिनेछ ।

ख) नगरपालिकाभित्रका सबै सार्वजनिक जमिनहरुको यकिन गरी संरक्षण गर्ने र उपयोग योग्य बनाउनका लागि उचित भूमि व्यवस्थापन कार्ययोजना बनाई लागु गरिनेछ ।

ग) नगरभित्रका सार्वजनिक ढिस्को र जग्गा जमिनको प्रारम्भिक वातावरणीय परिक्षण गरी वस्ती, वातावरण लगायत कुनै पनि स्थानबाट वालुवा, ढुंगा जस्ता साधारण निर्माणजन्य सामाग्री उत्खनन् गर्दे बिक्री वितरण समेत गरी जग्गालाई प्रयोग योग्य गराई नगरपालिकाको आम्दानीको श्रोतको रुपमा विकास गरिनेछ ।

घ) विदुर नगरपालिकाका सवै वडाहरुमा गरिबि निवारणका लागि लघुउद्यम विकास कार्यक्रम, सामाजिक परिचालन र शसक्तिकरणको  कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गरिनेछ ।

ङ) सामाजिक सुरक्षा भत्तालाई प्रभावकारि कार्यान्वयन गर्न र लक्षित लाभग्राहीलाई सेवा पुऱ्याउनका लागि बैंकिङ प्रणालीमा आबद्ध गरी भत्ता प्रदान गरिनेछ । तर असहाय र अशक्तको हकमा बैंक मार्फत लाभग्राहीको हातमा नै पुऱ्याउने नीति लिईनेछ ।

**१०. युवा एवं खेलकुद विकास सम्बन्धीः**

क) खेलकुदको माध्यमबाट विदुरको गरिमा र प्रतिष्ठा बढाउने राष्ट्रिस्तरका फुटवल तथा क्रिकेट खेलाडीलाई राष्ट्रिय स्तरका खेलाडिको मान्यता प्राप्त गरुन्जेल प्रति महिना रु १०,०००।- माशिक बृत्ति प्रदान   गरिनेछ ।

ख) खेलकुदको विकासका लागि यस नगरक्षेत्रभित्रका खेलाडीहरु अन्तराष्ट्रिय खेलमा सहभागी हुंदा उक्त खेलाडीलाई प्रति पटक, प्रतिब्यक्ति रु २५,०००।- प्रोत्साहन स्वरुप प्रदान गर्ने नीतिलाई अवलम्बन गरिनेछ ।

ग) एक वडा एक खेलकुद मैदान निर्माण कार्य यसैबर्ष देखि थालनी गरी क्रमिक रुपमा सुविधाजनक र आधुनिक रुपमा सञ्चालनको अवधारणालाई अघि बढाईनेछ ।

घ) वडा नं. ५ को लामबगैचा र ६ को महारानीडिही मध्ये आफ्नै स्वामित्व रहेको उपयुक्त जग्गामा सम्भाव्यता अध्ययन गरी यसै आ.व.मा रंगशाला निर्माणको कार्य थालनी गरिनेछ ।

ङ) नगरस्तरीय मेयरकप फुटवल र उपमेयर कप महिला भलिवल हरेक बर्ष सञ्चालन हुने गरी यसबर्ष देखि शुभारम्भ गरिनेछ । साथै जिल्लाकै गौरव बढाउने नुवाकोट गोल्ड कप प्रतियोगितालाई संरक्षकत्व प्रदान गरिएकोमा आगामी बर्ष पनि निरन्तरता दिईनेछ ।

च) नगरक्षेत्रभित्र कम्तिमा १ सुविधा सम्पन्न क्रिकेट मैदान निर्माण लागि सम्भाब्यता अध्ययन गरी यसैबर्ष कार्यक्रम शुरुवात गरिनेछ ।

**११. महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा सामाजिक सुरक्षा सम्बन्धी :**

क) महिला सशक्तिकरण तथा क्षमता विकास गर्दै महिलाहरुलाई विकासमा मूलप्रवाहिकरण गर्ने र महिला नेतृत्व विकासका लागि प्रत्येक वडामा वडास्तरीय महिला समन्वय समितिको गठन गरी उक्त समिति तथा समुदायमा आधारित टोल

विकास संस्था, महिला सहकारी, महिला समूह लगायतमा आबद्ध महिलाहरुको सीप तथा क्षमता विकासमा प्राथमिकता दिर्एनेछ ।

ख) मातृ तथा शिशु मृत्युदरलाई कम गर्दै, संक्रमणलाई कमी ल्याउनका लागि न.पा. क्षेत्र भित्रका गर्भवती महिलालाई सुत्केरी गराउनका लागि अस्पताल ल्याउदाको लागि लाग्ने एम्बुलेन्सको भाडा वापत काठमाण्डौं लांदा रु ५,०००।- र त्रिशुली अस्पताल लगेको प्रमाणपत्रको आधारमा रु २,०००।- प्रदान गरिनेछ ।

ग) ७० बर्ष वा सोभन्दा माथिका जेष्ठ नागरिकहरुलाई चौमाशिक रुपमा घरघरमा गई स्वास्थ्य परिक्षण गर्नका लागि स्वास्थ्यकर्मीहरु खटाईनेछ । साथै सेवा बिमुख वस्तीहरुमा समय-समयमा घुम्ती स्वास्थ्य शिविरहरु सञ्चालन गरिनेछ ।

घ) जीवनको दीर्घकालसम्म सामाजिक सेवामा तल्लिन महिला स्वास्थ्य स्वयंसेवीकाहरुको सेवाको कदर गर्दै साठी बर्ष उमेर पूरा गरेका महिला स्वास्थ्य स्वयं सेवीकाहरुलाइ सम्मानसाथ विदाई गरिनेछ । र स्वयं सेविका सेवा कार्यको निरन्तरताको लागि नयां, सक्षम र स्वयंसेवी भावनाका महिलाहरुलाई स्थानीय आमा समूहको सिफारिसका आधारमा जिम्मेवारी प्रदान गरिनेछ ।

ङ) एक वडा एक ज्येष्ठ नागरिक बिश्राम स्थलको अवधारणालाई कार्यान्वियन गर्दै ज्येष्ठ नागरिकको भेटघाट र अनुभव हस्तान्तरण एवं मनोरञ्जन स्थलको रुपमा विकास गरिनेछ ।

च) विदुर न.पा. क्षेत्र भित्र बाल पुस्तकालयको स्थापना तथा ब्यवस्थापन गर्दै पठन संस्कृतिकाृ विकासका लागि आवश्यक कार्यक्रमहरु तर्जुमा गरी लागु गरिनेछ ।

छ) सामुदायिक बिद्यालयमा अंग्रेजी माध्यममा अध्यापन गराउने बिद्यालयका बिद्यार्थीहरुलाई आधारभूत तहको कक्षा ० देखि ५ सम्मको अंग्रेजी माध्यमका पाठ्यपुस्तकहरु निःशुल्क उपलब्ध गराइनेछ ।

ज) नगरपालिका क्षेत्रभित्र व्यक्तिगत/व्यावसायिक निकृष्ट प्रकारको बालश्रम निषेध गरी बालमैत्री स्थानीय शासनका सूचकहरु पूरा गर्ने अभियान सञ्चालन गर्दै नगरक्षेत्रलाई बालमैत्री **(CFLG)** नगर घोषणा गर्ने अभियान सञ्चालन गरिने छ ।

झ) नगरक्षेत्रका उचित स्थानहरुमा बालउद्यान तथा क्रिडास्थलको निर्माण एवं ब्यवस्थापनका लागि सरकारी, नीजि साझेदारी मनीतिलाई अख्तियार गरिनेछ ।

ञ) प्रजनन् उमेरका महिला, बालबालिका तथा किशोरीहरुको पोषण सुरक्षको लागि बहुक्षेत्रीय पोषण कार्यक्रमलाई प्रभावकारी कार्यान्वियन गरिनेछ । साथै टुहुरा असहाय बालबालिकाको पोषण र शिक्षामा सहयोग गर्ने नितिलाई निरन्तराता दिईनेछ ।

ट) घरेलु हिंसा पिडित महिलाहरु संरक्षण, सहयोग र जीवनयापनका लागि बिशेष महत्व दिई त्यस्ता पिडित महिलाहरुका लागि निशुल्क कानुनी सहयोग तथा आपतालीन सेवालाई दिईएको सहयोगलाई अझ बढोत्तरी गर्ने नीति लिईनेछ ।

ठ) एकल महिलाहरुलाई स्वावलम्बी गराई जीवन यापनलाई सहज र प्रतिष्ठित गराउनका लागि क्षमता विकास तथा आयआर्जनका कार्यमा सेवा टेवाका कार्यक्रमहरु लाई कार्यान्वियन गर्नका लागि अघि बढाईनेछ ।

**१२. भाषा, संस्कृति तथा पर्यटन सम्बन्धीः**

क) परम्परागत लोक संस्कृति र भाषा को संरक्षण र सम्वर्धनका लागि आवश्यक पहल र सहयोग गरिने नीतिलाई निरन्तरता दिईनेछ ।

ख) सांस्कृतिक मौलिकतालाई संरक्षण गर्दै पर्यटन मार्फत आर्थिक संबृद्धिको कार्यक्रमका लागि नुवाकोट सम्पदा वस्ती प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिदै यसको अझ प्रभावकारीता बिशेष ध्यान दिईनेछ ।

ग) नगरक्षेत्रभित्र विभिन्न धार्मिक, ऐतिहासिक एवं पर्यटकीय स्थलहरुमा प्रशिद्धि कमाएका सिन्दुरे जात्रा, रोपाई महोत्सव, गोरुजुधाई, घाटुजात्रा, लाखेनाच लगायतका परम्परा र संस्कृतिलाई संरक्षण, संबर्द्धन, प्रबर्द्धन तथा प्रचार प्रसार गर्ने नीति लिइएको छ ।

घ) ऐतिहासिक नगर विदुरमा रहेको ईतिहासलाई जीवन्त राख्नका लागि वि.न.पा. १० मा नेपाल चीन ऐतिहासिक सन्धी स्मारक स्तम्भ निर्माण, नुवाकोट दरवारदेखि दुधेलामा जीतगढी गेर्खु उत्तरगया हुदै भृकुटी मार्गको निर्माण, देवीघाट-नुवाकोट नेपाल एकिकरण सर्किट आदिको प्रबर्द्धनको लागि बिशेष ध्यान दिईनेछ ।

ङ) पञ्चेबाजा, धिमेवाजा, खैजडि, वालन भजन जस्था परम्परागत लोकबाजा र सांस्कृतिक मौलिकता झल्कने संस्कतिहरुको संरक्षण र प्रोत्साहनमा महत्वका साथ जोड दिईनेछ ।

**१३. विविध**

क) गरिबी न्युनीकरण एवं सामाजिक समावेशीकरण सम्वन्धी लक्षित कार्यक्रमहरु संचालन गरी दलित, उत्पीडित आदिवासीा जनजाति, असहाय, असक्त अपाङ्ग एवं महिलावर्गहरुलाई विकासको राष्ट्रिय मूलप्रवाहमा ल्याउन जोड दिईने छ ।

ख) लैगिक मैत्री कार्यक्रम, मानव अधिकार एवं जनचेतना, बाल अधिकार जस्ता कार्यक्रम संचालनमा महत्वपूर्ण भूमिका निर्वाहमा जोड दिईने छ ।

ग) फरक क्षमता भएका व्यक्ति, दलित, आदीवासी जनजाती, अल्पसंख्यक मुस्लीम, माझी, कुमाल, महिला तथा बालबालिका, द्वन्दपिडित एवं शहिद परिवारका लागि शिपमूलक तथा आयमुलक कार्यक्रम सन्चालन गरिनेछ ।

घ) सडकबत्ती लाईन नभएका स्थानहरुमा सडकबत्ती लाईन विस्तार गर्दै लगिने नीतिलाई निरन्तरता दिइनेछ ।

ङ) नगर रक्षकको प्रभावकारी परिचालन गरी सुरक्षा प्रणाली र सेवा प्रवाहमा चुस्तता ल्याईनेछ ।

च) बिद्यमान् वारुणयन्त्र सेवालाई जिल्ला र छिमेकी जिल्लामा समेत आपतकालिन सुरक्षा संवेदनशीलतालाई बिशेष ध्यान पुऱ्याई द्रुत सेवालाई निरन्तरता दिईनेछ ।

छ) बैदेशिक रोजगार सम्बन्धी समुदायकास्तरमा सूचना पहुंच अभिबृद्धि गरी जनचेतना बढाउने र अनिक्षित रुपमा हुने ठगी र शोषणमा परेका र पर्न सक्ने श्रमशक्तिलाई न्यायमा पहुंच बढाउनका लागि श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको साझेदारीमा सुरक्षित बैदेशिक रोजगारीका लागि तथा बैदेशिक रोजगारीमा गएकाहरुको परिवारलाई मनोपरामर्श सेवालाई आगामी बर्षदेखि नगरपालिका मार्फत सञ्चालन गर्नका लागि कार्यक्रम तथा बजेटको ब्यवस्था गर्ने नीति लिइनेछ ।

ज) मुख्य सडकहरुमा आवश्यकता हेरी सार्वजनिक नीजि साझेदारीमा यात्रु प्रतिक्षालयको निर्माण गरिनेछ ।

**आदरणीय यस सभाका सदस्यज्यूहरु,**

नगरको विकास र समृद्दिका लागि उपरोक्त नीति तथा कार्यक्रम मात्र पर्याप्त भने होईन । तथापी श्रोत र साधनको सिमितता र नगरवासीहरुको अथाह चाहनालाई पुरा गर्नका लागि हामी अन्य दातृ निकायहरुसाग सहयोग र समन्वय जुटाउने कार्यलाई निरन्तरता दिदै जाने नीतिलाई अख्तियार गर्नेछौं । यस नीति तथा कार्यक्रम तयारीका लागि सुझाव र सल्लाह एवं प्रेरणा प्रदान गर्नुहुने कार्यपालिका र नगरसभाका सदस्यज्यूहरु, विषयगत कार्यालय, शाखाका कर्मचारी साथीहरु, नागरिक समाज लगायत सम्पूर्ण महानुभावहरुलाई यस तेश्रो नगरसभाको तर्फबाट हार्दिक कृतज्ञता ब्यक्त गर्दछु । प्रस्तुत नीति तथा कार्यक्रम अनुसार नै आगामी आ.व.को बजेट बक्तब्यमा यथोचित सम्बोधन गर्ने प्रयास गरेका छौं । आज यसै गौरवमय सभामा पेश गरिएको नीति तथा कार्यक्रमलाई मुर्त रुप दिनका लागि हामी सम्पूर्ण राजनीतिक दल, सरकारी निकाय, विभिन्न संघसंस्था, नागरिक समाज, बुद्धिजिवी, उद्योगी, ब्यापारी एवं सम्पूर्ण नगरवासी उपभोक्ताहरुहरुमा सृजनात्मक सहयोग, सद्भाव र समन्वयको अपेक्षा गरेका छौं । विगतमा झै यहाहरुको सुझाव, सल्लाह र हौसला निरन्तर प्राप्त हुने बिश्वास राख्दै प्राप्त सुझाव र सल्लाहलाई शिरोपर गरी नगरकार्यपालिकाले थप कार्यनीति तथा रणनीतिहरुलाई तय गर्दै जाने बिश्वास दिलाउन चाहन्छु । अन्त्यमा यस नगरसभालाई सफल र प्रभावकारी रुपमा सम्पन्न गर्नका लागि प्रत्यक्ष र परोक्ष रुपमा सहयोग र सद्भाव एवं प्रेरणाका उर्जा प्रदान गर्नुहुने सम्पूर्ण माहनुभावहरुप्रति हार्दिक धन्यवाद ब्यक्त गर्दै सम्पुर्ण नगरवासीको सामुहिक सहभागिताले मात्र यो नीति तथा बजेट एवं कार्यक्रमले मात्र सम्भव हुने कुराको पुनः स्मरण गराउन चाहन्छु ।

धन्यवाद ।

२०७५/०३/१०

**–समाप्त–**